सुदूरपश्चिम प्रदेश सरकार

# टीकापुर अस्पताल

टीकापुर, कैलाली

## बोलपत्र आवह्न सम्बन्धी सूचना

## (प्रथम पटक प्रकाशित मिति २०७९।०७।०६ गते

टीकापुर अस्पतालको लागि चालु आ.व. २०७९।०८० मा आवश्यक पर्ने फार्मेसीको लागि औषधिहरु, इन्जेक्शन एवं सर्जिकल सामानहरु विद्युतिय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले नविकरण भएको फर्मदर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र र आ.व. २०७७।२०७८ सम्मको कर चुक्ता प्रमाणप्त्र (आ.व. २०७८।०७९ को म्याद थप सहित) प्राप्त गरेका इच्छुक इजाजत प्राप्त सप्लायर्स ,बिक्रेता, व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीत पूर्वकको विद्युतिय बोलपत्र आहवानका लागी यो सूचना प्रकाशित गरीएको छ ।साथै बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी (सूचनाका शर्तहरु) बोलपत्रसाथ संलग्न राखिएको ब्यहोरा सूचित गरिन्छ।

शर्तहरु

१. विद्युतिय बोलपत्र तपसिल उल्लेखित मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत उक्त बेवसाइटमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। साथै हार्ड कपिलाई स्वीकार गरिनेछैन ।

२.इच्छुक बोलपत्रदाताले श्री राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखामा रहेको खाता नं. १०००२०००१०००० (कार्यालय कोड ३५००२७७०२७) राजश्व शिर्षक नं.१४२२९ मा रु ३,०००।०० (अक्षेरुपी तिन हजार) (फिर्ता नहुने) जम्मा गरेको बैंक भौचर गर्नुपर्नेछ ।

३. Upload भएका शिलबन्दी बोलपत्रहरु ३१औं दिनको २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा खोल्न दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेपछि उक्त कार्य क्रमशः हुनेछ।

५. जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक धनगढी स्थित श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी, कैलालीको हि.नं. ४१७०१००२०२०३०००० ख २ धरौटी खातामा यस अस्पतालको कार्यालय कोड नं.३५००२७७०२७ मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बैंकबाट १२० दिन मान्य अवधि भएको बैक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ अनिवार्य पेश गर्नुपर्नेछ ।

६.बोलपत्रदाताले कबोल गरेको दररेट (मु.अ.कर वाहेक) अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ । कतै केरमेट वा थपघट गर्नुपेर्ने भए बुझिने गरी काटी सो काटीएको र थपिएको ठाउँमा दायाँ बायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ । साथै बोलपत्रको BOQ को प्रत्येक पानामा फर्मको छाप एवं आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ ।

७..सबै खालको करहरु बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।कुनै पनि कर वापत तिरेको रकम शोधभर्ना यस कार्यालयबाट दिईने छैन।

८..प्रत्येक बोलपत्रदाताले विद्युतिय बोलपत्र फाराममा उल्लेखित शर्तको पूर्णरुपले ले पालना गर्नुपर्नेछ ।

९.आपूर्ति गरिने औषधिहरु, इन्जेक्शन एवं सर्जिकल सामानहरु आपूर्ति गरेको मितिले कम्तीमा ७५ प्रतिशत शेल्फ अवधि वाँकी रहेको हुनुपर्नेछ ।साथै औषधिहरु तथा सामानहरु स्वीकृत आपूर्तिकर्ताले अस्पतालको स्टोरसम्म ढुवानी गर्नुपर्नेछ ।सो ढुवानी वाफतको भाडा दिइनेछैन ।

१०. रित नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

११.खरिद गर्नुपर्ने औषधिहरु, इन्जेक्शन एवं सर्जिकल सामानहरु पुरै स्वीकृत गर्ने वा आइटमवाईज स्वीकृत गर्ने सम्पूणर् अधिकार यस अस्पतालमा निहित रहनेछ । साथै बोलपत्रमा उल्लेख भएका औषधिहरु, इन्जेक्शन एवं सर्जिकल सामानहरुको परिमाणमा यस अस्पतालको आवश्यकता अनुसार थपघट हुन सक्नेछन् । मु.अ.कर लाग्ने वा नलाग्ने के हो सो व्यहोरा उल्लेख गर्नुपर्ने छ ।

१२. उक्त औषधिहरु, इन्जेक्शन एवं सर्जिकल सामानहरु आइटमवाइज आवश्यकता अनुसार पटक पटक गरि खरिद गरिनेछ ।

१३.बोलपत्रदाताले उपलव्ध गराउने औषधिहरु WHO/GMP सर्टिफाई कम्पनिको र सर्जिकल सामानहरु ISO सर्टिफाई कम्पनिको हुनुपर्नेछ र बोलपत्र पेश गर्दा उक्त कम्पनिहरुका प्रमाणित सर्टिफिकेटहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

१४. बोलपत्रदाताले खरिद प्रक्रियामा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको तथा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ। त्यस्तो स्वघोषणा पत्र सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ ।

१५. बोलपत्रको मूल्याङ्कन गर्दा अस्पतालले आवश्यक ठानेमा नमुना सामान माग गरी सो को आधारमा मूल्याङ्कन गर्न सक्नेछ ।

१६. बोलपत्र सम्बन्धि अन्य कुराहरु बुझ्नु परेमा यस अस्पतालमा कार्यालय समयभित्र सम्पर्क राखि बुझ्न सकिनेछ ।

१७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सबै खालको अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१८. गैर स्थानिय बोलपत्रदाताले स्थानिय एजेन्टको व्यवस्था गर्नुपर्नेछ।साथै बोलपत्रदाताले आधिकारिक इमेल, मोबाइल नं. उल्लेख गर्नुपर्नेछ ।

१९. बोलपत्रदाताले कबोल गरेको सामान तोकिएको परिमाण तथा मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा उक्त सामानहरु बजारबाट सिधै खरिद गरिनेछ ।यसरी खरिद गर्दा बोलपत्रमा उल्लेख भएको मूल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न बाकी रकमबाट असुलउपर गरिनेछ ।

२०. सम्झौता गरी सामानहरु सप्लाइ नगर्ने फर्मलाई नियमानुसारको कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

२१ यस अस्पतालमा खपत हुन नसकेको अवस्थामा **Near Expiry Date** औषधि ,इन्जेक्शन तथा सर्जिकल सामानहरु ३ महिना अगावै सम्बन्धित आपूर्तिकर्तालाई फिर्ता गरिनेछ।सो को सट्टा लामो **Expiry Date** भएको औषधि ,इन्जेक्शन तथा सर्जिकल सामानहरु उपलब्ध गराउनुपर्नेछ ।

२२. यस सूचनामा उल्लेख हुन छुट भएका बुदाहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

तपसिलः

| सि.न. | ठेक्का नं. | कामको विवरण | **जमानत** रकम | बोलपत्र दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम दिन | बोलपत्र दिन |
|---|---|---|---|---|---|---|
| 1 | TH/Kailali/NCB/Goods/02/2079-080 | Purchase of Antibiotics's Medicines | 260000.00 | 3000.00 | 22-11-2022 , 12.00 | 22-11-20 14.00 |
| 2 | TH/Kailali/NCB/Goods/03/2079-080 | Purchase of Cardio-Diabetic's Medicines | 72000.00 | 3000.00 | 22-11-2022 , 12.00 | 22-11-20 14.00 |
| 3 | TH/Kailali/NCB/Goods/04/2079-080 | Purchase of Gastro-Musculo-Skeletal's Medicines | 230000.00 | 3000.00 | 22-11-2022 , 12.00 | 22-11-20 14.00 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4 | TH/Kailali/NCB/Goods/05/2078-079 | Purchase of General Medicines | 450000.00 | 3000.00 | 22-11-2022 , 12.00 | 22-11-20 14.00 |
| 5 | TH/Kailali/NCB/Goods/06/2078-079 | Phurchase of Neuro-Psychiatric's Medicines | 36000.00 | 3000.00 | 22-11-2022 , 12.00 | 22-11-20 14.00 |
| 6 | TH/Kailali/NCB/Goods/07/2078-079 | Phurchase of Surgical Items | 240000.00 | 3000.00 | 22-11-2022 , 12.00 | 22-11-20 14.00 |

The Medical Superitendant

Tikapur Hospital, Tikapur, Kailali